# लहान नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
लहान (सिरहा)
प्रदेश नं २, नेपाल

☎ :- ०३३ { ५६०१३९ प्र.प्र.अधिकृत, ५६०१३८ प्रशासन शाखा }

## औषधि खरिद सम्वन्धी शिलबन्दी दरभाउपत्र आह्वान सूचना
**प्रथम पटक प्रकाशित मिति : २०७५/०८/१९**

चालु आ.व. २०७५/०७६ कालागि यस नगरपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने औषधिहरु शिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक फर्म, संस्था वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वक शिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

**निम्न :**

१. दरभाउपत्र फाराम खरिद गर्न इच्छुक फर्म, सँस्था वा कम्पनीले आ.ब. २०७५/७६ कालागि नवीकरण गरिएको फर्म, सँस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, औषधी व्यवसायी प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र स्थायी लेखा दर्ता नम्वर प्रमाणपत्र तथा आ.व. २०७४/०७५ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु मान्यता प्राप्त नोटरी पब्लिकवाट प्रमाणित गराई निवेदन साथ संलग्न गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिनसम्म तपसिलमा उल्लेख भए वमोजिमको दरभाउपत्र फाराम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी कार्यालय समयभित्र यस कार्यालयको **स्वास्थ्य शाखाबाट** दरभाउपत्र सम्वन्धी कागजात (दरभाउपत्र फाराम) खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएका दरभाउपत्रमा उल्लेख भएका सवै विवरणहरु अध्ययन गरी दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाप गरी, शिलवन्दी गरी खाम वाहिर फर्म, सँस्था वा कम्पनीको नाम, ठेगाना र कामको नाम प्रष्टसंग लेखी १६ (सोह्र) औं दिन दिनको १२:०० वजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । यसरी दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको २:०० वजे नगरकार्यपालिकाको कार्यालयमा उपस्थित दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ । उक्त समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि रितपूर्वकको दरभाउपत्रहरु खोलिने कार्यमा वाधा पर्नेछैन । दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

३. शिलवन्दी दरभाउपत्रसाथ तपसिलमा उल्लेखित धरौटी रकममा नघटाई नेपाल बैंक लिमिटेड, लहान स्थित रहेको यस कार्यालयको चल्ती हि.नं. ०३६०३००००००००३००००२ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको नेपालभित्रको "क" वर्गको कुनै वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको विडवण्ड (दरभाउपत्र खोलेको मितिले कम्तीमा ७५ दिन म्याद भएको) पेश गर्नुपर्नेछ ।

४. दरभाउपत्रदाताले दरभाउपत्र दाखिला गर्दा खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नवाभिएको तथा औषधी व्यवसाय सम्वन्धि पेशा वा व्यवसायको कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा पत्र दरभाउपत्र सम्वन्धि कागजातसाथ शिलवन्दी गरी पेश गर्नु पर्नेछ । उल्लेखित कागजातहरु पेश नगर्ने दरभाउपत्रदाताको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

५. एक फर्म, सँस्था वा कम्पनीको नामबाट खरिद गरेको दरभाउपत्र अर्को फर्म, सँस्था वा कम्पनीको नामबाट दर्ता हुनेछैन ।

६. दरभाउपत्र पेश गर्दा मूल्य अभिवृद्धि कर वाहेकको दर रेट पेश गर्नुपर्नेछ ।

७. आपूर्ति गरिने औषधि/सर्जिकल सामानमा लाग्ने ढुवानी खर्च तथा सम्पूर्ण करहरु दरभाउपत्रदाता स्वयंले नै व्यहोर्नु पर्नेछ ।

८. औषधि/सर्जिकल सामान दाखिला हुन आउँदासम्म औषधीको म्याद १८ महिना भन्दा बढीको हुनुपर्नेछ तर कुनै औषधीको म्याद १८ महिना भन्दा कम हुने अबस्थामा **Expiry Date** को ७५% म्याद बाँकी हुँदा दाखिला गर्न सकिनेछ । सो भन्दा कम अवधिको औषधी स्वीकार्य हुनेछैन ।

९. सम्पूर्ण औषधीहरु **WHO GMP Certified** तथा सर्जिकल सामानहरु **ISO Certified** कम्पनीहरुबाट उत्पादित सामानहरु मात्र स्वीकार्य हुनेछ ।

१०. दरभाउपत्रदाताले कवोल गरेको दररेट अंक र अक्षर दुबैमा र नेपाली मुद्रामा प्रष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउमा दायाँ वायाँ अधिकारिक व्यक्तिको हस्ताक्षर हुनुपर्नेछ ।

११. दरभाउपत्रदाताले दरभाउपत्रमा उल्लेखित सम्पूर्ण आइटमहरुको दररेट अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

१२. रित नपुगेको तथा म्याद नाघी आएको वा कुनै किसिमको शर्त राखी प्राप्त हुन आएका शिलवन्दी दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

क्रमश:.............

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

१३. दरभाउपत्रदाताले दरभाउपत्र फाराममा प्रत्येक औषधी तथा सर्जिकल सामानको आइटमवाइज उत्पादन कम्पनी **(WHO GMP and ISO Certified Company)** को नाम अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ । यसरी कम्पनी उल्लेख नभएको वा आँशिक वा अधिकांश उल्लेख भएको दरभाउपत्रहरु उपर कुनै कारवाही हुनेछैन । सुई, धूलो तथा झोल औषधीहरु बाहेक अन्य औषधीहरु स्ट्रिपमा आपुर्ति गर्नुपर्नेछ ।

१४. आपुर्ति हुने औषधी/सर्जिकल सामानहरुको प्रत्येक प्याकिङ्ग बाहिर उत्पादन मिति, **Expiry date, Batch No.** लेखिएको हुनुपर्नेछ ।

१५. प्राप्त हुन आएका दरभाउपत्र कुनैपनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशकि रुपमा स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । दरभाउपत्र स्वीकृत भएपछि पनि कार्यालयले आवश्यक औषधी/सर्जिकल सामानहरुको परिमाण पूर्ण वा आंशिक रुपमा थपघट गर्न सकिनेछ । साथै औषधी तथा सर्जिकल सामानहरु स्वास्थ्य संस्थाहरुको आबश्यकता अनुसार खरिद हुनेछ ।

१६. दरभाउपत्र सम्वन्धी कागजात, स्पेसिफिकेशन, परिमाणको मूल्यपत्र, सूचना आदिमा भाषागत त्रुटि भएमा वा विषय प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन वाधा पर्नेछैन । नेपाल सरकारको प्रचलित नियम, कानून र यस कार्यालयको निर्णय अन्तिम र मान्य हुनेछ ।

१७. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४ वमोजिम हुनेछ । यस सूचनामा केही थपघट वा फरक पर्न गएमा प्रचलित नियम क़ानून वमोजिम हुनेछ ।

१८. दरभाउपत्र सम्वन्धि अन्य केही कुरा वुझ्न परेमा कार्यालय समयभित्र कार्यालय वा फोन नं. ०३३ -५६०१३८/९८४२८२४११० /९८४२८२६०९५ मा सम्पर्क राखी वुझ्न सकिनेछ ।

## तपसिल:

| ठेक्का नं. | ठेक्काको नाम | लागत अनुमान रकम रु. | धरौटी रकम रु. | दरभाउपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|
| स्वास्थ्य - ०१/०७५/०७६ | निःशुल्क स्वास्थ्य सेवाको लागि औषधि खरिद | २५,००,०००/- | ६२,५००/- | १,०००/- |

०७५।०८।१
नि.प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner